(आ.व. २०८२/०८३) बैठक नं.

आज मिति २०८२ साल भाद्र २२ गते आइतबारका दिन हरिपुर नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

## उपस्थिती

| क स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी वावु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि वहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमित्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | विनय पौडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

प्रस्तावहरुः

१. श्री सार्वजनिक माध्यमिक विद्यालयकव भवन सम्बन्धमा ।

निर्णयहरुः

**प्रस्ताव नं. १** उपर छलफल गर्दा चालु आ व २०८२/०८३ को लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र योजना तथा अनुगमन शाखाबाट सबै स्थानीय तहका लागि च. नं. १६७ मिति २०८१/०३/०५ गते जारी भएको पत्रबाट आ. व. २०८२/०८३ मा स्थानीय तहका लागि सशर्त अनुदानमा वितिय हस्तान्तरण भएको कार्यक्रममा यस नगरपालिकाको लागि निर्मित गुरुयोजनाको आधारमा स्थानीय तहको साझेदारीमा विद्यालयको भौतिक निर्माण अनुदान शीर्षकमा एउटा विद्यालय भवन निर्माणको हस्तान्तरण भई आएको रकम रु. ५५,००,०००।०० बाट भवन निर्माणका लागि यस नगर कार्यपालिकाको मिति २०८२/०४/२८ गतेको निर्यबाट यसै नगरपालिका वडा नं. ६ मा रहेको श्री सार्वजनिक माध्यमिक विद्यालायमा कक्षाकोठा व्यवस्थापनको लागि उक्त भवन नियमानुसार निर्माण गर्ने निर्णय गरेको हुँदा उक्त विद्यालयमा विद्यार्थीको चाँप धेरै र कक्षा कोठाको अभावले गर्दा भवन निर्माण गर्न अति आवश्यक रहेकोले विद्यालयमा रहेको पश्चिम पट्टी पूर्वपट्टी मुख भएको एकतल्ले पुरानो जिर्ण अवस्थाको प्रयोग विहिन भवन भत्काई सोही ठाँउमा नयाँ भवन निर्माण कार्यका लागि विद्यालय व्यवस्थापन समितिले मिति २०८२/०५/१८ गतेमा गरेको निर्णय र नियमानुसार विद्यालयमा उठाइएको मुचुल्काको आधारमा विद्यालयमा रहेको पुरानो प्रयोग विहिन भवन भत्काई स्थानीय तहको साझेदारीमा विद्यालयको भौतिक निर्माण अनुदान शीर्षकमा एउटा विद्यालय भवन निर्माणको हस्तान्तरण भई आएको रकम रु. ५५,००,०००।०० बाट ४ कोठे विद्यालय भवन निर्माण गर्ने निर्णय पारित गरियो ।